**आकाशवाणी समाचार- नेपाली**

मितिः २७ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि तमिलनाडुको चार दिने भ्रमणमा जानु हुनेछ।

२. केन्द्रीय महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले आज नयाँ दिल्लीमा बाल विवाहमुक्त भारत राष्ट्रिय अभियानको शुभारम्भ गर्नु हुनेछ।

३. पेन्सन धारक तथा वरिष्ठ नागरिकको सुविधाका लागि शुरु गरिएको डिजिटल लाइफ सर्टिफिकेट प्रणालीले तेस्रो चरणमा एक करोडको कीर्तिमान पार गरेको छ|

४. इजरायली सरकारले लेबनानमा हिजबुल्लाहसँग युद्धविराम सम्झौतालाई अनुमोदन गरेको छ।

५. मौसम विभागले आज तमिलनाडुका तीन जिल्ला र पुडुचेरीको एक जिल्लामा भारी वर्षाको रेड अलर्ट जारी गरेको छ। राष्ट्रिय उद्धार बलको सात टोलीलाई तमिलनाडु र पुडुचेरी पठाइएको छ।

**राष्ट्रपति - तमिलनाडु**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि तमिलनाडुको चार दिने भ्रमणमा जानु हुनेछ। उहाँले आज वेलिंगटनको डिफेन्स सर्भिसेज स्टाफ कलेजका संकाय सदस्यहरू र विद्यार्थी संघका पदाधिकारीहरूलाई सम्बोधन गर्नु भएको छ। राष्ट्रपति द्रौपदी मुर्मुले भोलि उदगमण्डलमको राजभवनमा आदिवासी महिला स्व-सहायता समूह र नीलगिरी जिल्लाका जनजाति समुदायका प्रमुख सदस्यहरूसँग अन्तरक्रिया गर्नु हुनेछ। शुक्रबार, उहाँ तिरुवरुरमा तमिलनाडुको केन्द्रीय विश्वविद्यालयको दीक्षान्त समारोहमा सहभागी हुनु हुनेछ।

****** ० ******

**अन्नपूर्ण देवी-बालविवाह**

केन्द्रीय महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले आज नयाँ दिल्लीमा बाल विवाहमुक्त भारत राष्ट्रिय अभियानको शुभारम्भ गर्नु हुनेछ। बाल विवाहको कुप्रथाबाट देशलाई मुक्त गराउने अभियानको मुख्य लक्ष्य रहेको छ। कार्यक्रममा बाल विवाहमुक्त भारत पोर्टल पनि शुरु गरिनेछ। यो अनलाइन प्लेटफर्म सचेतना जगाउने, बालविवाह रोक्न र त्यस्ता घटनाहरू तुरुन्तै रिपोर्ट गर्ने मिशनलाई समर्थन गर्न शुरु गरिएको हो। सो अवसरमा महिला तथा बाल विकास मन्त्रीले बाल विवाहविरुद्ध सामूहिक संकल्प दिनु हुनेछ। यस अभियानमा प्रतिज्ञा लिनेहरूको संख्या २५ करोड पुग्ने अनुमान गरिएको छ।

****** ० ******

**जितेन्द्र-डीएलसी**

पेन्सन धारक तथा वरिष्ठ नागरिकको सुविधाका लागि शुरु गरिएको डिजिटल लाइफ सर्टिफिकेट प्रणालीले तेस्रो चरणमा एक करोडको कीर्तिमान पार गरेको कार्मिक, सार्वजनिक गुनासो तथा पेन्सन राज्यमन्त्री डा जितेन्द्र सिंहले बताउनु भएको छ। उहाँले यो अभियानले प्रधानमन्त्री नरेन्द्र मोदीको भिजन अनुसार ज्येष्ठ नागरिकको जीवन

सहज बनाउने बताउनु भयो। आकाशवाणीबाट ‘मनकी बात” कार्यक्रमको भर्खरको एपिसोडमा, प्रधानमन्त्रीले ज्येष्ठ नागरिकहरूलाई सुविधा र सहजता प्रदान गर्ने कुरा गर्नु भएको थियो।डिजिटल लाइफ सर्टिफिकेट अभियानको तेस्रो चरण यही महिनाको पहिलो दिनदेखि देशका आठ सय शहरमा सञ्चालन हुँदैछ। यसअन्तर्गत २५ नोभेम्बरसम्म एक हजार ९ सयभन्दा बढी शिविर सञ्चालन भइसकेको छ।

****** ० ******

**आन्ध्र प्रदेश उपमुख्यमन्त्री-परियोजना**

आन्ध्र प्रदेशका उप मुख्यमन्त्री पवन कल्याणले हिजो नयाँ दिल्लीमा केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानलाई भेटनु भयो र ग्रामीण विकास परियोजनाहरूको लागि मनरेगा अन्तर्गत थप रकमको माग गर्नु भयो। उहाँले प्रधानमन्त्री आवास योजना अन्तर्गत थप कार्य दिनको माग गर्दै पञ्चायत कार्यालयको पर्खाल, शमशान स्थल र खानेपानी आयोजना निर्माणका लागि योजना कोषको प्रयोगमा छुट दिन आग्रह गर्नु भयो।उप मुख्यमन्त्रीले श्रमिकहरूको तलबका लागि 2,81 करोड रुपियाँ जारी गरेकोमा केन्द्रलाई धन्यवाद दिनुभयो र खडेरी प्रभावित क्षेत्रहरूको लागि 59 जलाधार परियोजनाहरूको स्वागत गर्नुभयो। उहाँले यी योजनाका लागि ९०:१० को अनुपातमा बजेट विनियोजन गर्न आग्रह गर्दै ग्रामीण सडक सञ्जाल सुधार गर्नु पर्नेमा जोड दिनु भयो। उहाँले ग्रामीण पूर्वाधार विकासका लागि सयभन्दा बढी जनसङ्ख्या भएका गाउँलाई सडक विकास योजनामा समावेश गर्न पनि आग्रह गर्नु भयो।

****** ० ******

**काजिरंगा-अन्तर्राष्ट्रिय पर्यटन**

केन्द्रीय पर्यटन मन्त्रालयले आज यूनेस्को विश्व सम्पदा स्थल काजिरंगा राष्ट्रिय निकुञ्ज र आसामको टाइगर रिजर्वमा 12 औं अन्तर्राष्ट्रिय पर्यटन मार्टको आयोजना गर्दैछ। यसको उद्देश्य स्वदेशी तथा विदेशी पर्यटकका लागि पूर्वोत्तर क्षेत्रको अपार पर्यटन सम्भावनालाई उजागर गर्नु हो। यो कार्यक्रम पर्यटन व्यवसायमा संलग्न व्यक्ति र उद्यमीहरूलाई एक ठाउँमा ल्याउने महत्वपूर्ण अवसर साबित हुनेछ। आठ पूर्वोत्तर राज्यहरू - असम, अरुणाचल प्रदेश, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड, त्रिपुरा र सिक्किम -का उद्यमीहरूलाई उनीहरूको समन्वय र सांस्कृतिक जागरूकता बढाउन क्रेता, विक्रेता, मिडिया, सरकारी एजेन्सीहरू र अन्य सरोकारवालाहरूसँग अन्तरक्रिया र सहकार्य गर्न आमन्त्रित गरिएको थियो। क्षेत्रको ऐतिहासिक र पारिस्थितिक समृद्धिलाई अगाडि बढाउने अवसर मिल्नेछ। यी सबै राज्यमा एक एक गरी यो टुरिजम मार्ट आयोजना हुँदैछ।

****** ० ******

**इजरायल-हिजबुल्लाह सम्झौता**

इजरायली सरकारले लेबनानमा हिजबुल्लाहसँग युद्धविराम सम्झौतालाई अनुमोदन गरेको छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको कार्यालयले हिजो राति यस्तो घोषणा गरेको हो। अमेरिका र फ्रान्सको मध्यस्थतामा भएको सम्झौताले युद्ध रोकिने सम्भावना छ। लेबनानमा जारी युद्धमा लगभग तीन हजार आठ सय मानिस मारिएका छन् भने १६ हजारभन्दा बढी घाइते भएका छन्। इजरायली मन्त्रिपरिषद्को अनुमोदनपछि फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन र अमेरिकी राष्ट्रपति जो बाइडेनले एक संयुक्त विज्ञप्ति जारी गर्दै इजरायल र लेबनानसँग सम्झौता कार्यान्वयन गर्न र पूर्ण पालना सुनिश्चित गर्न काम गर्ने वाचा गरे।

****** ० ******

**इजरायल हिजबुल्लाह**

हिज्बुल्लाह लडाकुहरू लितानी नदीको उत्तरमा रहेको क्षेत्रमा सीमाबाट करिब तीस किलोमिटर पछाडि हट्नु  पर्नेछ। यस ठाउँमा लेबनानी राष्ट्रिय सेना र संयुक्त राष्ट्र शान्ति सैनिकहरू तैनाथ हुनेछन्। लेबनानका विदेशमन्त्रीले यसअघि नै सम्झौतालाई अनुमोदन गरिसकेका छन्। इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायललाई सैन्य कारबाहीका लागि पूर्ण स्वतन्त्रता हुनेमा जोड दिनु भएको छ। उहाँले हिजबुल्लाहद्वारा युद्धविराम सम्झौताको कुनै पनि उल्लङ्घन विरुद्ध तत्काल कारबाही गर्ने चेतावनी दिनु भयो।

****** ० ******

**नेतान्याहु - युद्धविराम**

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आज राति लेबनानसँग अमेरिकी मध्यस्थतामा युद्धविराम सम्झौताको योजना घोषणा गर्नु भएको छ। राष्ट्रका नाममा सम्बोधन गर्दै नेतान्याहुले हिजो साँझ मन्त्रिपरिषद्को अनुमोदनका लागि युद्धविरामको रूपरेखा प्रस्तुत गर्ने बताउनु भयो। उहाँले भन्नु भयो, युद्धविरामको अवधि लेबनानमा के हुन्छ भन्नेमा निर्भर गर्दछ।आफ्नो सम्बोधनमा, श्री नेतन्याहुले सात मोर्चाहरूमा इजरायलको सैन्य अपरेशनको विस्तृत विवरण दिनु भयो र महत्त्वपूर्ण सैन्य उपलब्धिहरू पनि सूचीबद्ध गर्नु भयो। यसमा इरानको वायु रक्षा प्रणाली र क्षेप्यास्त्र उत्पादन क्षमताहरू विरुद्ध हमलाहरू, लगभग 20,000 विद्रोहीहरूलाई मारेको दाबीसहित हमास नेतृत्वको उन्मूलन र सामरिया, यमन, इराक, सिरिया र लेबनान विरुद्धको कारबाहीहरू समावेश छन्। बन्धकहरूलाई मुक्त गर्ने जारी प्रयासहरूको बीचमा यो घोषणा आएको हो। नेतान्याहुले १५४ जना बन्धक फिर्ता भएको स्वीकार गर्नु भएको छ भने १०१ जना अझै गाजामा रहेका छन्। उहाँले सबै बन्धकहरूलाई फिर्ता गर्ने र हमासको खतरा हटाउन इजरायलको प्रतिबद्धतालाई पुन: पुष्टि गर्नु भयो।

****** ० ******

**मौसम - तमिलनाडु**

मौसम विभागले चक्रवात फेंगल अगाडि आज तमिलनाडुका तीन जिल्ला र पुडुचेरीको एक जिल्लामा भारी वर्षाको रेड अलर्ट जारी गरेको छ। तमिलनाडुको माइलादुथुराई, नागापट्टिनम र तिरुवरुर जिल्ला र पुडुचेरीको कराइकलका लागि अलर्ट जारी गरिएको छ। तमिलनाडु र पुडुचेरीमा पनि बाढी आउने चेतावनी दिइएको छ। दक्षिण–पश्चिम बंगालको खाडीमा बनेको गहिरो न्यून चाप आज चक्रवात फाङ्गलमा परिणत हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। यसको प्रभावका कारण आज तमिलनाडु र पुडुचेरीका धेरै ठाउँमा अति भारी वर्षा हुने र भोलि पनि भारी वर्षा हुने सम्भावना छ। आन्ध्र प्रदेशमा बिहीबारदेखि शनिबारसम्म भारी वर्षाको सम्भावना छ। यस अवधिमा माछा मार्नेहरूलाई समुन्द्रमा नजान आग्रह गरिएको छ।राष्ट्रिय उद्धार बलको सात टोलीलाई तमिलनाडु र पुडुचेरी पठाइएको छ। उनीहरूलाई कराइकल, तंजावुर, तिरुवरुर, नागपट्टिनम र माइलादुथुराइलगायत अन्य खतरामा परेका जिल्लाहरूमा राहत र उद्धार कार्यमा खटाइनेछ।

****** ० ******

**पुडुचेरी - वर्षा**

भारतीय मौसम विज्ञान विभागका अनुसार बंगालको खाडीमा बनेको न्यून चापीय चक्रवातमा परिणत हुने सम्भावना रहेकोले पुडुचेरीमा २९ नोभेम्बरसम्म भारी वर्षाको सम्भावना रहेको छ। पुडुचेरी जिल्ला अधिकारी कुलोथुङ्गनले विभिन्न विभागका अधिकारीहरूसँग तयारीको आकलन गर्न र परिस्थितिसँग सामना गर्न उपायहरू समन्वय गर्नको लागि समीक्षा बैठक गर्नु भयो।

****** ० ******

**सुनको मूल्य नेपाल**

सरकारले भन्सार महसुल घटाएपछि सोमबार आन्तरिक बजारमा ओरालो लागेको सुनको मूल्य आज थप घटेको छ। पहेंलो धातुको भाउ तोलामा २ हजार ६ सय रुपियाँले घटेर आज प्रतितोला १ लाख ४८ हजार ७ सय रुपियाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ।त्यस्तै चाँदीको भाउ तोलामा २५ रुपियाँले घटेर १८ सय २० रुपियाँमा तोकिएको छ । यो भारी गिरावट ३१ अक्टोबर 2024 मा सुन प्रति तोला नेपाली रुपियाँ 1,71000 मा पुगेपछि रेकर्ड उच्च हो। सुनको आयातमा लाग्ने भन्सार महसुल २० प्रतिशतबाट १० प्रतिशतमा झारेपछि सुनको मूल्यमा यो भारी गिरावट आएको हो। त्यस्तै चाँदी आयातमा १५ प्रतिशत भन्सार महसुल १० प्रतिशतमा झारेको छ। सरकारले सुन तस्करी रोक्न सुन चाँदीको भन्सार दर घटाएको छ।

****** ० ******

## प्रो कबड्डी लिग

प्रो-कबड्डी लिगमा हिजो नोएडाको इन्डोर स्टेडियममा दबंग दिल्ली र पटना पाइरेट्सबीचको रोमाञ्चक खेल ३९–३९ को बराबरीमा सकिएको छ। खेलको पहिलो हाफमा पटना पाइरेट्सले वर्चस्व कायम राखे पनि दोस्रो हाफमा दिल्ली दबंगले बलियो पुनरागमन गरेको थियो। अर्को खेलमा तमिल थलाइभासले युपी योद्धसलाई ४०–२६ ले सहजै पराजित गर्‍यो।आज हरियाणा स्टिलर्सले पुनेरी पल्टनसँग खेल्नेछ भने बंगाल वारियर्सले गुजरात जाइन्ट्ससँग प्रतिस्पर्धा गर्नेछ। हरियाणा स्टिलर्स अहिले ५१ अंकसहित अंक तालिकाको शीर्ष स्थानमा छ।

****** ० ******

## काठमाडौं महानगरपालिका

काठमाडौं महानगरपालिकाले शुक्रबार काठमाडौंको दरबारमार्गमा आयोजना गरेको सचेतना र्‍यालीमा वातावरण प्रदूषित गरेको आरोपमा सत्तारुढ नेकपा एमालेलाई एक लाख रुपियाँ जरिवाना गरेको छ। र्‍याली स्थलमा फोहोर फालेको भन्दै महानगरले एमालेलाई फोहोर मैला व्यवस्थापन ऐन, २०६८ र काठमाडौं महानगरपालिका आर्थिक ऐन, २०८१ बमोजिम जरिवाना गरेको हो।

****** ० ******